मध्यनेपाल नगरपालिका

भोर्लेटार, लमजुङ

## नगर कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

(बैठक संख्याः ०९/२०८१-०८२, मितिः २०८१/११/१९)

१. **विगतका बैठकको समिक्षा सम्बन्धमा:** नगर कार्यपालिकाको आठौं बैठक र सो भन्दा अगाडि बसेका विभिन्न मितिका बैठकहरुको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समीक्षा गरियो।

२. **स्वकीय सचिव नियुक्ति सम्वन्धमा:** गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ११ वमोजिम नगर प्रमुखको सचिवालयमा रही कामकाज गर्नेगरी नगर प्रमुखको सिफारिसमा सहायक चौंथो तहको १ जना स्वकीय सचिव सेवा करारमा नियुक्ति गर्ने।

३. **निःशुल्क जग्गा प्राप्ति गर्ने सम्वन्धमा:-** मध्यनेपाल नगरपालिका वडा नं. ४ रम्घा (साविक रम्घा गा.वि.स. वडा नं. ५) क्याम्पसचोक स्थित कित्ता नं. ७७२ क्षेत्रफल ७-०-२-३ रोपनीको जग्गावाट कित्ताकाट गरी २.४-०-२ रोपनी जग्गा नगरपालिकालाई उपलब्ध गराउन मध्यनेपाल ४ वस्ने जग्गाधनी श्री महेन्द्र राज वाग्लेले मिति २०८१/११/०८ मा यस कार्यालयमा प्रस्ताव सहितको निवेदन दर्ता गराउनु भएको हुँदा "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्बन्धी कार्यनीति, २०७९" को दफा ५ बमोजिम वडा नं. ४ रम्घामा यस नगरपालिका अन्तर्गत वडा कार्यालयको सेवा केन्द्र स्थापना गर्ने लगायत अन्य सार्वजनिक प्रयोजनका लागि निःशुल्क रुपमा जग्गा प्राप्तिको प्रकृया अगाडी बढाउन अनुमती दिने।

४. **विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृति सम्बन्धमा:** मध्यनेपाल नगरपालिकको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. ९ र १० को विचमा वहने हाडीखोलामा मोटरेवल पुल निर्माण प्रयोजनार्थ विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणका लागि मौजुदा सूचीमा रहेका परामर्शदातासँग मिति २०८१/०५/१६ मा प्रस्ताव आव्हान गरिएकोमा प्रस्ताव पेश गर्ने ३ ओटा फर्म मध्ये सारभूत रुपमा प्रभावग्राही इस्ट इन्जिनियरिङ सोलुसन प्रा.लि. धोविघाट ललितपुरको कवोल रकम रु. ९,९३,२७० (अक्षरुपी नौ लाख त्रियानब्बे हजार दुई सय सत्तरी) मूल्याङ्कन समितिको मिति २०८१/०६/१८ को निर्णयवाट स्वीकृत भएकोले संझौता बमोजिम उक्त फर्मले तयार गरी पेश गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने।

५. **माघी मेलाका लागि आर्थिक सहयोग सम्बन्धमाः** लमजुङ उद्योग वाणिज्य संघ उदिपुर इकाईको आयोजनामा "स्थानीय स्तरमा रहेका परम्परागत कला संस्कृतिको जगेर्ना, व्यवसायिक कृषि, पर्यटन र उद्योग क्षेत्रमा लगानीमैत्री वातावरण स्थापना र स्थानीय सहभागितामा व्यापार व्यवसाय प्रवर्द्धन एवं समुदायलाई मनोरञ्जन प्रदान गर्ने" उद्देश्य राखी मिति २०८१/०९/२९ देखि मिति २०८१/१०/०२ सम्म बेसीशहर न.पा. वडा नं. १ उदिपुरमा सम्पन्न भएको दशौं माघी मेला-२०८१ को खर्च व्यवस्थापन सहयोगका लागि नगर सभावाट स्वीकृत "धार्मिक सांस्कृतिक जात्रा महोत्सव तथा स्वास्थ्य शिविर र सामान खरिद सहयोग कार्यक्रम" वाट रु. ५० हजार भूक्तानी दिने।

६. **नगर यातायात गुरुयोजना (MTMP) स्वीकृति सम्बन्धमाः** मध्यनेपाल नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत परामर्श सेवाको कार्यक्रम अन्तर्गत नगर यातायात गुरुयोजना (MTMP) तयारीका लागि मौजुदा सूचीमा रहेका परामर्शदाताहरुसँग मिति २०८१/०५/१६ मा प्रस्ताव आव्हान गरिएकोमा रितपूर्वक प्रस्ताव पेश गर्ने ३ ओटा फर्म मध्ये सारभूत रुपमा प्रभावग्राही त्रिपुरा इन्जिनियरिङ प्रा.लि. टिकन्थली ललितपुरको कवोल रकम रु. ९,९७,२२५ (अक्षरुपी नौ लाख सन्तानब्बे हजार दुई सय पच्चिस) मूल्याङ्कन समितिको निर्णयवाट स्वीकृत भई उक्त फर्मसँग मिति २०८१/०६/२१ मा भएको संझौताको शर्त बमोजिम परामर्शदाताले तयार गरी मिति २०८१/०९/२२ मा पेश गरेको नगर यातायात गुरुयोजना (MTMP) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने।

७. **स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना (LDCRP) स्वीकृति सम्बन्धमाः** मध्यनेपाल नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत परामर्श सेवाको कार्यक्रम अन्तर्गत स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना (LDCRP) तयारीका लागि मौजुदा सूचीमा रहेका परामर्शदाताहरुसँग प्रस्ताव आव्हान गरिएकोमा रितपूर्वक प्रस्ताव पेश गर्ने ३ ओटा फर्म मध्ये सारभूत रुपमा प्रभावग्राही भ्यू एक्टिभ कन्सल्टेन्सी प्रा.लि. बालाजु १६, काठमाडौंको कवोल रकम रु. १४,९७,८१५ (अक्षरुपी चौध लाख सन्तानब्बे हजार आठ सय पन्ध्र) मूल्याङ्कन समितिको निर्णयवाट स्वीकृत भई उक्त फर्मसँग मिति २०८१/०६/२१ मा भएको संझौताको शर्त बमोजिम परामर्शदाताले तयार गरी मिति २०८१/१०/२२ मा पेश गरेको स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना (LDCRP) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

<u>निर्णय प्रमाणीत गर्ने</u>

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पाण्डे
नगर प्रमुख

मितिः२०८१/११/१९